म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २५४ शुक्रबार १५ बैशाख २०८० ने. सं. ११४३ बछलाथ्व 28 April 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मक्वानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना

B Pharma - २ जना

तलब: आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**

**मकवानपुर सहकारी अस्पताल**

हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

# नयाँ बजेटको तयारीमा प्रदेश, २२ प्रतिशत स्रोत खुम्चियो

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि बजेटको तयारी अगाडि बढाएको छ ।

मन्त्रालयहरुलाई सिलिङ बजेट तोकेर योजना माग गरिसकेको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जानकारी दिएको छ । गत आर्थिक वर्ष २०७९/८० को तुलनामा २०८०/८१ का लागि बजेट बढ्नुपर्ने ठाउँमा १० प्रतिशत कटौती गरेर सिलिङ पठाएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता उपसचिव लक्ष्मीकुमार रिमालले संघबाट बजेट सिलिङ घटेर आएको, प्रदेश सरकारको आन्तरिक स्रोत पनि खुम्चिएको कारण र आर्थिक मन्दीले सिलिङ कटौती गर्नुपरेको बताएका छन् । उनले प्रदेश सरकारको आन्तरिक स्रोत २२ प्रतिशतसम्म खुम्चिएको जानकारी दिए ।




'गत वर्षको तुलनामा चालु आवको चैत मसान्तसम्म हेर्दा २२ प्रतिशत स्रोत खुम्चिएको छ, जसकारण सिलिङ घटाइएको छ', रिमालले भने । उनले आगामी बजेट पनि घटेर आउन सक्ने अनुमान गरे । विकास खर्चको अवस्था र आन्तरिक स्रोतमा वृद्धि नभए बजेट पनि घटेर आउन सक्ने अनुमान गरेका हुन् । 'खर्च र आम्दानीको वर्तमान अवस्था यही रहिरहे बजेट पनि घट्ने अनुमान छ । तर, आन्तरिक स्रोत बढ्यो भने बजेट नघटन पनि सक्छ', रिमालले भने । बागमती प्रदेश सरकारले चालु आवका लागि ७० अर्ब ९३ करोड ९२ लाख रुपैयाँको बजेट ल्याएको थियो । बजेट ल्याएका तत्कालीन आर्थिक मामिला तथा योजना मन्त्री शलिकराम जम्मकट्टेल हाल प्रदेशका मुख्यमन्त्री छन् । उनले चालुतर्फ १९ अर्ब २ करोड ४१ लाख रुपैयाँ, पुँजीगततर्फ ४१ अर्ब ५६ करोड २४ लाख, वित्तीय हस्तान्तरणतर्फ ८ अर्ब ३५ करोड ३७ लाख रुपैयाँ र वित्तीय व्यवस्थातर्फ २ अर्ब रुपैयाँ विनियोजन गरेका थिए ।

तर, आफैंले ल्याएको बजेट मुख्यमन्त्री हुँदा विकास खर्च भने निराशाजनक छ । बागमती प्रदेश अर्थतन्त्रमा बलियो र विकासको सूचकांकमा अब्बल हुनुका साथै राजश्व आम्दानीमा पनि पहिलो नम्बर मा आउँछ । तर, चालु आर्थिक वर्षको ८ महिना बितिसक्दा पनि पुँजीगत बजेट खर्च भने १७ प्रतिशत मात्र गरेको छ । असारे विकास गर्ने उही पुरानै पारा बागमती प्रदेशले पनि निरन्तरता दिएको छ । ७ प्रदेशमध्ये सबैभन्दा ठूलो आकारको बजेट बागमतीले ल्याउने गर्छ । तर, हरेक वर्ष विकास बजेट खर्च कमजोर रहँदै आएको छ । सरकारले चालु आवको आठ महिनामा पुँजीगत खर्च १७ दशमलव ३६ प्रतिशत गर्न सकेको छ । तर, चालु खर्च भने पुँजीगतको दोब्बर छ ।

यसको मतलव तलवभत्ता, कार्यालय सञ्चालन खर्च मात्र गरिरहने तर, विकास निर्माणको काम नगर्ने अवस्था छ । विकास बजेट खर्चमा कमजोर देखिँदै आएको बागमती सरकारको हरेक वर्ष कर्मचारीको तलब, भत्ता, सुविधा, सवारीसाधन खरिद, इन्धनमा बढी खर्च भएको देखिन्छ । बागमती प्रदेशमा फागुन मसान्तसम्म कुल बजेटको २४ दशमलव १२ प्रतिशत मात्रै बजेट खर्च भएको छ । जसकारण नयाँ बजेट निर्माणमा पनि सरकार लाई सकस देखिएको हो । उपसचिव रिमालका अनुसार आन्तरिक स्रोतको आम्दानी कुर्नुपर्नेमा सरकार पुगेको छ । बजेट खर्च र आन्तरिक स्रोतको तालमेल नमिल्दा आगामी बजेटमै असर पुग्नसक्ने देखिन्छ ।

बागमती प्रदेश सरकारले नयाँ बजेटका लागि सर्वसाधारणसँग सुझाव मागेको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याउने बजेट तथा नीति कार्यक्रममा आमनागरिकस्तरबाट सुझाव माग गरेको हो । आव २०८०/८१ को बजेट तर्जुमासम्बन्धी कार्य प्रारम्भ भइसकेले सुझाव दिन सूचना जारी भएको छ । बजेटमा समावेश गरिनुपर्ने नीति तथा कार्यक्रमका सम्बन्धमा आफ्ना सुझावहरु ३० वैशाख २०८० सम्म उपलब्ध गराउन विभिन्न संघ, संस्था, वुद्धिजीवी, विज्ञ, राजनीतिक दल, व्यवसायी, समाजसेवी, पेशाकर्मी, कर्मचारी, संचारजगत तथा आमनागरिकमा अनुरोध गरिएको उपसचिव रिमालले जानकारी दिए ।

बजेट तथा कार्यक्रमलाई बढी जनमुखी, प्रतिफलमुखी र कार्यान्वयनयोग्य बनाउन सुझाव माग गरिएको अर्थमन्त्री बहादुरसिंह लामाले जानकारी दिए । यही लक्ष्यसाथ हाल सरोकारवालासँग छलफल एवम् परामर्श तथा सुझाव संकलन थालिएको पनि उनले जनाएका छन् । आगामी आर्थिक वर्षको लागि संघीय सरकारले नीति तथा कार्यक्रम सार्वजनिक गरेपछि प्रदेश सरकारले पनि बजेटलाई आकार दिने गर्दछ । बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि बजेट निर्माण गर्नका लागि धमाधम काम भइरहेको जनाएको छ । प्रदेशका सबै मन्त्रालयमा अहिले विभिन्न शाखाका कर्मचारी, महाशाखाका प्रमुखहरु, सचिवहरु र मन्त्रीहरुलाई अहिले बजेटको चटारोले भ्याइनभ्याइ भएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको सिलिङमा रहेर बजेट निर्माण गर्ने काम भइरहेको मन्त्रालयका कर्मचारीले बताएका छन् ।

बजेट निर्माणका लागि हरेक क्षेत्रमा संघसंस्था र सम्बन्धित क्षेत्रका विज्ञहरुसँग छलफल गरिरहेको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डाक्टर शरण पाण्डेले बताए । 'सबैको सुझावका आधारमा बजेट निर्माण गर्नेगरी छलफल गरिरहेका छौं', पाण्डेले भने । आर्थिक मामिला मन्त्रालयले मन्त्रालयको खर्चहुने क्षमताका आधारमा बजेटको सिलिङ तोकेको छ । त्यही अनुसार मन्त्रालय र मातहतका कार्यालयले बजेट निर्माण गर्ने काम गर्दै आएका छन् । संघीय सरकारले जस्तै प्रदेश सरकारले पनि बजेट अघि प्रदेशको नीति तथा कार्यक्रम सार्वजनिक गर्नुपर्ने भएकाले यसको कामलाई तीव्रता दिइएको छ ।

# निष्पक्ष छानबिन गर्न पत्रकार महासंघको माग

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ मकवानपुर प्रहरीको हिरासतमा रहेका पत्रकार रमेश बञ्जारालाई जर्वजस्ती करणी मुद्दामा फसाउन खोजेको आशंका उत्पन्न भएपछि पत्रकार महासंघ मकवानपुर र बागमती प्रदेश शाखाले निष्पक्ष छानबीनको माग गरेको छ ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्णसारु मगर र महासंघ मकवानपुर का अध्यक्ष मणिराज गौतमले जारी गरेको विज्ञप्तिमार्फत् सरोकारवाला निकायलाई बञ्जाराको घटनामा निष्पक्ष छानबीन गर्न माग गरिएको हो । एक महिलालाई बलात्कार गरेको आरोप लगाउँदै प्रहरीले पक्राउ गरेको घटनाप्रति महासंघले ध्यानाकर्षण समेत जनाएको छ । यस घटनामा सीसीटीभी फुटेजमा आरोप लगाइएको भन्दा फरक प्रकृतिको घटना देखिएपछि पत्रकार महासंघहरुको ध्यानाकर्षण भएको हो । पत्रकार महासंघले मात्र नभई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरले पनि बञ्जारालाई फसाइएको दाबी गर्दै निष्पक्ष छानबीनको माग गरेको थियो ।

यसघटनामा दोहोरो छानवीन गर्नका लागि महासचिव मगर र जिल्ला अध्यक्ष गौतमले विज्ञप्तीमार्फत् माग गरेका छन् । तर, जर्वजस्ती करणी सरकारीवादी मुद्दा भएकाले प्रहरीले पीडितको पक्षबाटै अनुसन्धान गर्ने जनाइसकेको छ । बञ्जाराले आफू निर्दोष रहेको प्रमाणित गराउन प्रहरीको सहायता खोज्न नसक्ने भएपछि विपक्षी अधिवक्ता राख्नुपर्ने भएको हो । तर, तत्कालीन समयमा घटना भएको भनिएको स्थानको समेत अवस्था खुल्ने गरी सीसीटीभी फुटेज बाहिरिएपछि बञ्जारालाई फसाउन खोजिएको आशंकाले प्रहरी अनुसन्धान दोहोरो हुनुपर्नेमा जोड दिइएको छ ।

जनस्तरमा पनि बञ्जारालाई फसाउन खोजेको आशंका भइरहेको हो । पीडितले दिएको जाहेरी र बार दात भएको भनिएको समयमा पत्रकार बञ्जारा हेटौंडाको एक पसलमा गुट्खा किन्दै गरेको सिसीटीभी फुटेजमा देखिएको र पीडित भनिएकी महिला एक पुरुषसँग बुलेट बाइक चढेर घट्ना भएको भनिएको स्थानमा हिँडिरहेको विषयलाई समेत प्रहरी प्रशासनले गहिरो ढंगले छानबीन गर्न माग गरिएको छ । पीडित महिलाले बञ्जाराबाट आफू जर्वजस्ती करणीमा परेको भन्दै जाहेरी दिएकी हुन् । महिलाले हेटौंडाको राप्ती पुलको दक्षिणतर्फ त्रिवेणीधाम जानेतर्फ काँसघारीमा लगेर जर्वजस्ती करणी गरेको दाबी गरेकी छन् ।

# लेखापरीक्षणका बेथिति रोक्न स्थलगत अनुगमन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
The Institute of Chartered Accountants of Nepal
(Established under The Nepal Chartered Accountants Act - 1997)

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले स्वतन्त्र लेखा र लेखापरीक्षणको वेथिति रोक्न स्थलगत अनुगमनमा तीव्रता दिइएको छ । सोमबारदेखि सिए हेमकुमार काफ्लेको नेतृत्वमा सिए दिवाकर गिरीसमेतको ४ सदस्यीय अनुगमन टोलीले मकवानपुरको विभिन्न गैरलेखापरीक्षकले संचालन गरेका लेखापरीक्षण फर्मको अनुगमन गरिएको थियो । आन्तरिक राजश्व कार्यालय, हेटौंडामा छलफलसमेत गरिएको थियो ।

लेखा तथा लेखापरीक्षणमा देखिएका वेथितिलाई सुधार गर्न गैर लेखापरीक्षकबाट लेखापरीक्षण गरी लेखापरीक्षकलाई आर्थिक प्रभावमा पारी दस्तखत गराई युडिन नम्बर समेतको दुरुपयोग गरेको पाइएकोले अनुगमन गर्नु परेको बताइएको छ । व्यवसायीसँग सम्पर्क गरी लेखा राख्ने र वित्तीय विवरण वनाई दिने भनी लेखा व्यवसायमा वेथिति गर्ने गैरलेखापरीक्षक फर्म र त्यस्ता गैरलेखापरीक्षकसँग संलग्न भई लेखापरीक्षण प्रतिवेदनमा दस्तखत गर्ने लेखापरीक्षक समेतको तथ्यांक संकलन गरी कार्वाहीको दायरामा ल्याउन व्यापक अनुगमन भइरहेको नेपाल अडिटर्स एसोसिएसन (अडान) बागमती प्रदेशका अध्यक्ष रामकुमार बर्तौलाले बताए ।

अनुगमन टोलीले मंगलबार चितवन र कावासोतीसमेतका गैरलेखापरीक्षक फर्म र त्यस्ता गैरलेखापरीक्षकसँग संलग्न भई लेखापरीक्षण प्रतिवेदनमा दस्तखत गर्ने लेखापरीक्षकको तथ्यांक संकलन गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आचारसंहिता विपरीत काम गर्ने लेखापरीक्षकलाई अनुशासनको कार्वाही हुने प्रदेश अध्यक्ष बर्तौलाले जानकारी दिए ।

**केदारनाथ सुनचाँदी पसल**

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

**भर्ना खुल्यो ! भर्ना खुल्यो !**

नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा विद्यार्थी, अभिभावक, शिक्षक तथा समस्त शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना सहित

शैक्षिक सत्र २०८०का लागि कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउन चाहन्छौं ।

Entrance प्रवेश परीक्षा भइरहेको जानकारी गराउन चाहन्छौं ।

Tulasi Mehar Memorial Secondary School

Hetauda-10

Contact No.: 057-520737, 9855071876

पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

**यात्रु महानुभावहरुलाई खुसीको खबर !**

२०८० बैशाख २ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे




सम्पर्क: ०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

**घडेरीहरु बिक्रीमा**

जिल्ला : मकवानपुर
हेटौंडा उपमहानगरपालिका
वाड नं. १

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९



साझाकुरा

## हाम्रो कुरा

# राजनीति सेवा कि व्यवसाय ?

नेपालमा राजनीतिलाई सेवाभन्दा व्यवसाय बढी बनाउन थालेपछि आफैंले जिताएर पठाका प्रतिनिधिको साख पनि जोगाउन नसक्ने अवस्था आएको छ । तीनै तहका सरकारको नेतृत्व गर्ने नेताहरु आफ्ना कार्यकर्ता पोस्नमा नै व्यस्त छन् । सेवाको भावना राख्ने नेतृत्व पाउन मुस्किल छ । निष्ठाको राजनीति गर्ने ईमान्दार ब्यक्तिले निर्वाचनको समयमा टिकट पाउनै सक्दैनन् । संजोगवस टिकट पाइहाल्यो भने निर्वाचित हुनै सक्दैनन् । निर्वाचित भइहालेको खण्डमा काम गर्नै सक्दैनन् । यही दुर्दशाबाट देश गुर्जदैछ । जनताका काम भन्दा पनि पद, पैसा, प्रशंसामा मख्ख पर्ने नेतृत्वको संख्या बढ्दो छ । आफ्नो आलोचना गर्ने ब्यक्तिलाई हरप्रयासबाट ठेगान लगाइदिने र हनुमानहरु वरपर राख्ने अभ्यासले निरन्तरता पाएको छ ।

राजनीतिक नियुक्तिलाई कमाउधन्दा बनाइएको छ । अवसरको लागि सेवा भावना बेच्ने प्रचलन बढेको छ । राजनीतिप्रति जनताको विश्वास गुम्दै गइरहेको छ । असक्षम, अशिक्षित र अज्ञानीको चंगुलमा फसेको राजनीतिले मुलुकको भविष्यको रुपरेखा कोर्न सक्ला ? भन्ने चासो चिन्ता जनतामा छ । नागरिकको धैर्यताको बाँध टुट्नै लागेको छ । बद्मासी गर्न सक्ने, भ्रम छर्न सक्ने, छलकपट गर्न सक्ने र समयानुकुल आफुलाई परिवर्तन गराउन सक्ने व्यक्तिमात्रै राजनीतिज्ञ हुन्, उनीहरुमात्रै अगाडि बढ्छन् भन्ने गलत मानसिकताको विकास भएको छ । जसका कारण विषयगत दक्षता भएका, शिक्षित र रचनात्मक व्यक्तिले राजनीतिमा कम चासो राख्ने गरेका छन् । अहिले मुलुकमा परम्परागत, अवैज्ञानिक र निर्वाहमुखी कृषि प्रणाली छ । दक्ष तथा प्राविधिक जनशक्तिको कमी छ । विद्यालय तह पार गर्दै गरेका युवाहरु विदेश पलायन हुन बाध्य छन् । उच्चशिक्षाको बहानामा होस् वा बैदेशिक रोजगारीको बहानामा होस् देश छोड्नेको लर्को लाग्न थालेको छ । देशमा उद्योगधन्दा बन्द छन् । बेरोजगारीको समस्या दिनप्रतिदिन बढ्दै गइरहेको छ । राजनीतिक स्थायित्व भएसँगै देशको विकास हुनुपर्ने हो तर, हुन सकिरहेको छैन । अब मुलुक आर्थिक संकटको दिशामा अघि बढ्ने देखिन्छ । संघ, प्रदेश र स्थानीय तहका सबै संरचनाले उत्पादन, आत्मनिर्भरता, स्वाधीनता, समृद्धिमार्फत् समाजवादी अर्थतन्त्र निर्माणका आधारहरु तय गर्नुको सट्टा प्रचारमुखी बजेट निर्माणमा ब्यस्त देखिन्छन् । प्रदेश र स्थानीय तहहरुले राष्ट्रिय योजना र नीतिको सीमाभित्र बसेर आफ्ना स्रोतसाधनबाट अधिकतम विकास एवं समृद्धि हासिल गर्नेतर्फ पहल गर्नुपथ्र्यो तर, त्यस्तो हुन सकेन । मुलुकको समृद्धि सबैको साझा लक्ष्य भएकोले लक्ष्यप्राप्ति सबैको उदेश्य हो । यसका लागि सबै जिम्मेवार हुनुपर्ने देखिन्छ । जनतालाई भ्रममा राखेर राजनीति गर्ने समयको अन्त्य निश्चित छ भन्ने कुरा उपनिर्वाचनको परिणामले देखाएको छ ।

जनताको चाहाना अनुसार व्यवस्था परिवर्तन हुन्छ भन्ने विषयमा राजनीतिक नेतृत्वको ध्यान केन्द्रीत हुनु जरुरी छ । जनता निराश देखिएका छन् तर, निराश बन्नु समस्याको समाधान भने पटक्कै होइन । नयाँ संविधानले मुलुकको बाटो स्पस्ट पारिसकेको छ । जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिकअधिकार, मानवअधिकार, बालिक मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेसस्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा नयाँ संविधानमा उल्लेख छ । नेपाल लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र हो । यही नै विकास र समृद्धिको आधार हो । यसलाई व्यावहारिकरुपमै कार्यान्वयन गर्नु जरुरी छ । अब आर्थिक विकास र समृद्धिको खाका कोर्ने र व्यवहारमा देखाउने बेला आएको छ । अब नेपालीलाई मुलुकको विकासमा राजनैतिक हस्तक्षप कदापी स्वीकार्य हुने छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत १६ गते शनिबार २९ अप्रिल २०२३ । नवमी, वैशाख शुक्लपक्ष । बछलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:२९, सूर्यास्त ६:३५ । सीता जयन्ती । अन्तरास्ट्रिय नृत्य दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सामाजिक काममा रुचि बढ्नेछ | **तुला** | : प्रतिष्ठित काम गर्ने मौका छ |
| **वृष** | : यात्रामा कष्ट मिल्नेछ | **वृश्चिक** | : आत्म-विश्वास बढ्नेछ |
| **मिथुन** | : त्रासमय दिन हुनेछ | **धनु** | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| **कर्कट** | : खानपिन राम्रो हुनेछ | **मकर** | : पारिवारिक जमघट हुनेछ |
| **सिंह** | : शरीरमा बाधा पुग्न सक्नेछ | **कुम्भ** | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| **कन्या** | : मन पर्ने उपहार पाइने योग छ | **मीन** | : कामबाट फुर्सद मिल्नेछ |

# विश्व व्यवस्थाको चपेटामा फसेको नेपाल



केशव खतिवडा

**आधुनिक विश्व प्रणाली अवसर हो कि अभिशाप हो ? यसको सामना कसरी गर्ने वा समाहित कसरी हुने ? आजको अन्तर्निर्भताको युगमा यो विश्वप्रणालीसँग लाभदायक हिसाबले समाहित हुनु र अवसरमा परिणत गर्नुको विकल्प छैन ।**

इतिहास, सामाजिक अध्ययन तथा परिवर्तनका लागि विश्वलाई एउटा मूल एकाइ मानी अध्ययन तथा विश्लेषण गर्ने सिद्धान्तलाई विश्व व्यवस्था सिद्धान्त भनिन्छ । अमेरिकी समाजशास्त्री तथा अर्थशास्त्री इम्यानुयल वालरस्टिनले सन् १९७० को दशकमा 'द मोर्डन वर्ल्ड सिस्टम' नामक पुस्तकमार्फत विश्व व्यवस्थाबारे दृष्टिकोण प्रस्तुत गरे । उनका अनुसार विभिन्न राष्ट्रहरू थुप्रै राज्यहरूमा विभाजित छ । यसलाई समष्टिमा विश्व एक प्रणालीका रूपमा र व्याष्टिमा थुप्रै राष्ट्रहरू राज्यका रूपमा फरक फरक ढङ्गले हेर्ने, बुझ्ने र विश्लेषण गरिन्छ ।

विश्व एउटा सिङ्गो प्रणाली हो भने यसभित्रका विभिन्न एकाइहरूमा विभाजित राष्ट्रहरू उपप्रणाली हुन् । ग्रह र उपग्रहबीचमा सम्बन्ध भएजस्तै सिङ्गो विश्वप्रणाली र उपप्रणालीका रूपमा रहेका थुप्रै राष्ट्रको बीचमा अन्तरसम्बन्ध रहेको हुन्छ । विश्व प्रणालीलाई एउटा बौद्धिक परियोजनाका रूपमा प्रतिपादन गर्ने सिद्धान्तकार वालरस्टिनद्वारा लिखित द मोर्डन वर्ल्ड सिस्टम नामक पुस्तकअनुसार इतिहासमा दुई किसिमका विश्व प्रणाली पाइन्छन् । पहिलो, विश्व अर्थव्यवस्था प्रणाली र दोस्रो, विश्व साम्राज्य प्रणाली ।

विश्व अर्थव्यवस्था प्रणाली तीन तहका मुलुकहरूको बीचमा स्रोतसाधनको प्रयोग र शोषणसँग सम्बन्धित छ भने विश्व साम्राज्य प्रणाली शक्ति अभ्यास र प्रयोगसँग सम्बन्धित छ । विश्व अर्थव्यवस्था प्रणालीअनुसार वर्तमान विश्वमा पुँजीवादको वर्चस्व रहेको छ । तर पुँजीवादी अर्थव्यवस्था देहायबमोजिम चार कारणले समस्या ग्रस्त बन्दै गएको छ ।

१. माग र पूर्तिबीच असन्तुलन सिर्जना हुँदै जानु, २. उपभोगबाट सिर्जना हुने अधिशेष मूल्यको एक भाग आफ्नो नाफा हुनुपर्ने पुँजीपतिहरूको इच्छा हुनु, ३. पुँजीपति र मजदुर बीच अन्तर्विरोध बढ्नु र ४. विश्व प्रणाली र थुप्रै राज्यबीचमा हुने अन्तर्विरोध ।

आर्थिक दृष्टिकोणले हेर्ने हो भने विश्वका पछिल्ला आधुनिक विकासका अवधारणाहरू अर्थशास्त्री जोसेफ सुम्पिटरले प्रतिपादन गरेको सिर्जनात्मक विघटनको सिद्धान्त, अमर्त्य सेनको आर्थिक विकासका लागि स्वतन्त्रता र क्षमता दृष्टिकोणको ढाँचा सबै पुँजीवादी व्यवस्थामा आधारित छन् ।

सन् १९८० को दशकमा मार्गेट थ्याचर, रोनाल्ड रेगन र अगस्तो पिनाचेले सङ्गठित रूपमा प्रयोगमा ल्याएको उदारवाद, नवउदारवाद र भूमण्डलीकरण पनि पुँजीवादी मान्यतामा आधारित छन् । यसले ससाना मुलुकका स्रोतसाधन शक्तिशाली मुलुकमा जाने व्यवस्था मिलाएको हुन्छ । यस्तो प्रवृत्ति नै आजको विश्वको मूल प्रवृत्ति हो । यही मूल प्रवृत्तिलाई वालरस्टिनको शब्दमा विश्व व्यवस्था सिद्धान्त भनिन्छ ।

विश्वका मूल एकाइभित्रका शक्ति राष्ट्रहरूले साना र दुर्बल राष्ट्रहरूमा नियन्त्रित अस्थिरता सिर्जना गर्ने, अस्थिर राष्ट्रहरूको माइक्रो म्यानेजम्यान्ट गर्ने नाममा नाम मात्रको अनुदान र ाशि लिएर प्रवेश गर्ने गर्छन् । यसपछि आआफ्नो हित र स्वार्थ अनुकूल हुनेगरी आन्तरिक व्यवस्थापनमा सहयोग गर्ने नाममा सो मुलुकमा र हेको कच्चा पदार्थ, श्रम शक्ति आफ्नो मुलुकमा भित्र्याउँछन् । त्यस मुलुकलाई आफ्नो उत्पादित वस्तु बिक्री गर्ने बजार बनाउने, लाभदायक ढङ्गले पुँजी लगानी गर्ने क्षेत्र कायम गर्ने, सहयोग गर्ने नाममा चर्को ब्याजदरमा ऋण लगानी गर्ने र असमान सन्धि सम्झौता गर्न बाध्य बनाउँछन् । अनि सो मुलुकलाई अघोषित उपनिवेश बनाउँछन् ।

वालरस्टिनका अनुसार पुँजीवादी अर्थ शासन व्यवस्थाको मूल चरित्र वा विशेषता भनेको गरिबीलाई जोगाई राख्नु हो । किनभने गरिबी कायम रहेको खण्डमा गरिबी न्यूनीकरण गर्ने बहानामा चर्को ब्याजदरमा ऋण लगानी गर्छन् । रोजगार दिने नाममा सस्तो श्रम भित्र्याउन सकिन्छ । विकासमा सहयोग पुऱ्याउने नाममा लाभदायक ढङ्गले पुँजी लगानी गर्ने अवसर रहन्छ । व्यापार सम्झौताका नाममा आफ्ना उत्पादित वस्तुहरू बिक्री गर्ने नयाँ बजार बनाउन सकिन्छ । अस्थिरता व्यवस्थापन गर्ने नाममा आन्तरिक राजनीतिमा चलखेल गरी आफू अनुकूलको सरकार बनाउन घुसपैठ गर्ने अवसर प्राप्त हुन्छ ।

इम्यानुलले स्रोत र साधन भएका ससाना मुलुकहरूलाई शक्ति राष्ट्रहरूले शोषण गर्ने तरिकालाई तीन तहमा विभाजन गरी व्याख्या गरेका छन् । पेरिफेरि मुलुक (तल्लो परिधिमा रहेका कमजोर र अल्पविकसित मुलुक) सेमिपेरिफेरि मुलुक (बीच वा मध्य परिधिमा रहेका विकासशील मुलुक), कोर मुलुक (मुख्य शक्तिशाली मुलुक) आजको युग विगतको जस्तो शोभियत धुरी र अमेरिकी धुरीबीचको शीतयुद्धको युग हैन ।

यो व्यापार युद्धको युग हो । सैनिक र राजनीतिक उपनिवेशको युग नभएर व्यापार उपनिवेशको युग हो । जसअनुसार पेरिफेरि (अल्पविकशित) मुलुकमा रहेका कच्चा पदार्थ र सस्तो श्रमजस्ता स्रोत साधन सेमी पेरिफेरि (विकासशील) मुलुकतर्फ जाने र पेरिफेरि र सेमिपेरिफेरि मुलुकमा रहेको स्रोतसाधन कोर (शक्तिशाल) मुलुकतर्फ जाने अघोषित र अदृश्य मार्ग बनाएको हुन्छ । अर्कातर्फ कोर मुलुकमा उत्पादित वस्तुहरू बिक्री गर्न र लाभदायक ढङ्गले पुँजी लगानी गर्न पेरिफेरी र सेमी पेरिफिरी मुलुकतर्फ जाने व्यवस्था मिलाएको हुन्छ । सारमा आधुनिक विश्व व्यवस्था सिद्धान्तको मूल प्रवाह वा आत्मा यति नै हो ।

यही विश्व व्यवस्थाको चपेटामा नेपाल मूलत: २०४६ सालको बहुदलीय व्यवस्थाको पुनर्स्थापनसँगै फस्दै आएको पाइन्छ । आर्थिक उदारीकरण र संरचनागत समायोजन कार्यक्रमको नाममा अनियन्त्रित ढङ्गले निजीकरण र वित्तीय उदारीकरणको सुरुवात गरियो । विश्वव्यापीकरणसँग मित लगाउँदै जाने वा पौंठेजोरी खल्दै नियन्त्रित ढङ्गले सामना गर्ने भन्ने विवाद उदारवादको पक्षधर नेपाली काङ्ग्रेस र ढुलमुले नीतिका पक्षधर कम्युनिस्टहरूका बीचमा बहस चलेको भए पनि दर्जनको हाराहारीमा महत्त्वपूर्ण सार्वजनिक संस्थानहरू कौडीको भाउमा निजीकरण गरियो । विदेशीको प्रस्ताव योजना र ऋण लगानीमा विभिन्न परियोजनाहरू स्वीकार गरियो ।

वैदेशिक रोजगारीका लागि सकेसम्म धेरै राष्ट्रसँग श्रम सम्झौता गरी सक्रिय जनशक्तिलाई विदेश पलायन गराइयो । शिक्षालाई एकातर्फ निजीकरण गरियो भने अर्कातर्फ विदेशमुखी बनाइयो । स्वास्थ्य क्षेत्रलाई लुटको व्यापार बनाइयो । परिणाम स्वरूप विश्वव्यापीकरणलाई धान्न सक्ने मुलुकको आन्तरिक संरचनाको विकास नै नभएको कारणले गर्दा स्वदेशी उद्योगधन्दामा नकारात्मक असर पऱ्यो । समग्रमा मुलुकको स्रोतसाधन शक्ति राष्ट्रहरूतर्फ जाने र ती मुलुकका उत्पादित सामान बजारीकरणका लागि भित्रिन थाले । अनपेक्षित ढङ्गले राजनीतिक अस्थिरता सिर्जना गरियो ।

मदन भण्डारीको रहस्यमय जिप दुर्घटना, नेपाली काङ्ग्रेसको एकल बहुमतको सरकारले मध्यावधि निर्वाचन घोषणा गर्ने, थापा र चन्दलाई काङ्ग्रेस र कम्युनिस्टले पालैपालो प्रधानमन्त्री बनाउने, माहाकालीजस्तो राष्ट्रघाती सन्धि गर्ने, दरबार हत्याकाण्ड र राजा ज्ञानेन्द्रको सत्ता रोहणजस्ता घटनाहरू अनपेक्षित रूपमा घटन पुगे ।

माओवादीसँग दिल्लीमा भएको सहमतिअनुसार शान्ति सम्झौता हुनु, पहिलो संविधान सभाले संविधान दिन नसक्नु, दोस्रो संविधान सभाको निर्वाचन गर्ने सरकारको नेतृत्व गर्ने कुनै पनि नेतालाई सक्षम नदेख्नु र संविधानको मर्म विपरीत बहालवाला प्रधानन्यायाधीशलाई मन्त्रीपरिषद्को अध्यक्ष बनाउनेजस्ता कार्य भए । राज्य पुनर्संरचनामा पहिचान र सामर्थ्यका विश्वव्यापी आधारलाई बेवास्ता गर्दै नाम मात्रको सैीयता घोषणा गरियो । दुई तिहाइ नजिकको जननिर्वाचित सरकारले गैरसंवैधानिक ढङ्गले संसद् विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गर्यो ।

त्यसपछि असङ्गतिपूर्ण राजनीतिक गठबन्धन र सता भागवण्डाको कुरूप खेल सुरु भयो । राजनीतिक मूल्य मान्यता, नैतिकता, जनउतरदायित्व, जबाफदेहिता, सुशासन, समृद्धि नारा र कागजी दस्ताबेजमा मात्र सीमित हुन पुग्यो । परिणामस्वरूप मुलुक यतिखेर वैदेशिक ऋण, व्यापार घाटा, आन्तरिक आम्दानीले साधारण खर्चसमेत धान्न नसक्ने अवस्थामा पुग्यो । बैसट्ठी प्रतिशत सक्रिय जनशक्ति रहेका मुलुक भाडाका सिपाही र जीविकोपार्जनका लागि सस्तो श्रम बेच्न अधिकांश जनशक्ति बिदेसिन पुगे ।

विदेशी शिक्षाप्रतिको आकर्षणले एकातर्फ ठूलो धनराशि बिदेसिन पुग्यो । अर्कातर्फ ब्रेन ड्रेन हुन पुग्यो । कृषियोग्य जमिन बाँझिन पुगे । कृषिप्रधान मुलुक खाद्यान्न आयत गर्नुपर्ने अवस्थामा पुग्यो । बाकसमा आउने लाससँग साटेको रेमिटेन्सले मुलुक चल्ने अवस्थामा पुग्यो ।

गरिब र धनीबीचको खाडल गहिरिँदै जाँदा सामाजिक अपराधमा बढोत्तरी हुन पुग्यो । अघोषित रूपमा पर्दापछाडिबाट मुलुकको अर्थ नीति, वैदेशिक नीति, राजनीति, भू-राजनीति, मौद्रिक वा वित्तीय नीति बन्ने र बनाउने काममा कोर मुलुकहरूको भूमिका ओपन सेक्रेट रूपमा देखिन थाल्यो । बालुवाटार वार्ता र भूपू प्रधानमन्त्रीहरूको विज्ञप्ति, लैनचौर वार्ता, बेइजिङ पत्रकार सम्मेलनजस्ता घटनाले राजनीतिक अस्थिरता सिर्जना गरी गणतन्त्र, सैीयता र धर्मनिरिपेक्षता खारेज गर्ने इन्डोप्यासेफिक स्ट्राटेजीलाई रोक्नेजस्ता टड्कारो सन्देश दिन थाले । दलहरूको विभाजन र नाङ्लेपसल थपाइले सैीय लोकतान्त्रिक गणतन्त्र नेपालको जग चर्कंदै गएको छ । वर्तमान विश्व व्यवस्थाभित्र शासन प्रणाली, बहुधार्मिकता, साइबर कल्चर, सैनिकीकरण, आर्थिक सहयोगसम्बन्धी सङ्गठन, बेल्ट एन्ड रोड इनिसिएटिभ, इन्डो प्यासेफिक स्ट्राटेजीजस्ता महापरियोजनाका बीचमा भएको प्रतिस्पर्धाजस्ता पक्षहरू पनि विश्व व्यवस्था प्रणालीभित्रका विशेषताहरू हुन् ।

त्यसो हो भने आधुनिक विश्व प्रणाली अवसर हो कि अभिशाप हो ? यसको सामना कसरी गर्ने वा समाहित कसरी हुने ? आजको अन्तर्निर्भताको युगमा यो विश्वप्रणालीसँग लाभदायक हिसाबले समाहित हुनु र अवसरमा परिणत गर्नुको विकल्प छैन । जसका लागि पेरिफिरी मुलुकले सेमी पेरिफेरी र कोर मुलुकबाट शोषत हुनुको सट्टा लाभ प्राप्त गर्दै आफ्नो स्तरोन्नति गर्ने र सेमी पेरिफिरी मुलुकले पेरिफेरी मुलुकबाट पारस्पारिक हितका आधारमा न्यायोचित लाभ प्राप्त गर्ने र कोर मुलुकबाट अपेक्षित लाभ प्राप्त गरी आफ्नो स्तरोन्नति गर्ने र कोर मुलुकले विश्वको कुनै भागको दरिद्रता विश्वको समृद्धिका लागि चुनौती हो भन्ने मान्यतालाई आत्मासात गर्दै असल मित्र राष्ट्रको भावनाले पेरिफिरी र सेमिपेरिफेरी मुलुकलाई सहयोग उपलब्ध गराई उनीहरूको आर्थिक विकासमा सहयोग पुर्याउनु पर्दछ ।

पछिल्लो दशकमा चीन, दक्षिण कोरिया, सिङ्गापुर, मलेसिया भुटानजस्ता एसियाका केही मुलुकहरूले आन्तरिक स्रोतसाधन र वैदेशिक सहयोगको समुचित प्रयोगद्वारा विकासमा फड्को मारेका छन् । तर कोर मुलुकको चपेटामा परेर नेपाल, श्रीलंका, पाकिस्तान, बङ्गलादेशजस्ता मुलुक आर्थिक रूपमा धराशायी बन्दै जाँदै छन् । आधुनिक विश्वप्रणाली विश्व शान्तिको मार्गदर्शन बन्नुपर्छ ।

*(साभार: रातोपाटी)*

# सूचना प्रविधिको विकासमा आईटीयुको भूमिका ?



ढुनबहादुर बुढाथोकी 'संघर्ष'

आजको अन्तर्राष्ट्रिय दूरसञ्चार युनियन(आईटीयु) विभिन्न आरोहअवरोह पार गर्दै आजको अवस्थामा आइपुगेको हो ।

यस संस्थालाई अन्तर्राष्ट्रिय दूरसञ्चार संघको नामले समेत चिनिन्छ । आजभन्दा १ सय ५७ वर्ष पहिले सन् १८६५ मे १७ तिर फ्रान्सको पेरिसमा स्थापित अन्तर्राष्ट्रिय टेलिग्राफ युनियनको परिवर्तितरुप नै विश्व दूरसञ्चार संघ (इन्टरनेसनल टेलिकम्यूनिकेसन यूनियन) हो । त्यतिबेला सदस्य मुलुकहरुबीच टेलिग्राफ सेवा आदानप्रदानमा सहकार्य गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय टेलिग्राफ युनियनको स्थापना भएको थियो ।

सन् १९३० दशकमा आई पुग्दा अन्तर्राष्ट्रिय टेलिग्राफको जीवनमा परिवर्तन आएको पाइन्छ । सन् १९३२ मा स्पेनको मेड्रिटमा भएको अन्तर्राष्ट्रिय दूरसञ्चार महासन्धिद्वारा अन्तर्राष्ट्रिय टेलिग्राफ संघ र अन्तर्राष्ट्रिय रेडियोटेलिग्राफ कन्भेन्सन एकआपसमा गाभिन पुगे । उक्त समायोजनको मूल उद्देश्य रेडियो र टेलिफोन सेवालाई व्यवस्थित गर्नु थियो । सन् १९३४ मा महासन्धि कार्यान्वनयमा आए पश्चात् आजको अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आईटीयु) अन्तर्राष्ट्रिय टेलिग्राफ संघको उत्तराधिकारी संस्था बन्न पुग्यो । सन् १९४७ नोभेम्बर १५ मा अन्तर्राष्ट्रिय दूर संचार संघ, संयुक्त राष्ट्र संघ (युएनओ) को एक विशेष एजेन्सी बन्न पुग्यो ।

अन्तर्राष्ट्रिय दूरसंचार युनियन, हाल अस्तित्वमा रहेका सबैभन्दा पुराना अन्तर्राष्ट्रिय संस्थाहरूमध्ये एक कहलिन्छ । हाल अन्तर्राष्ट्रिय दूरसंचार संघले संयुक्त राष्ट्र संघीय आर्थिक र सामाजिक परिषद् मातहतमा कार्य गरिरहेको छ ।

अन्तर्राष्ट्रिय दूरसंचार संघले मूलत: आईटीयु-आर, आईटीयु-टी, आईटीयु-डीको क्षेत्र हेर्छ । आईटीयु-आर भन्नाले रेडियो कम्युनिकेसन बुझाउँछ । यस एजेन्सीले रेडियो स्पेक्ट्रम व्यवस्थापनसम्बन्धी कार्य गर्छ । यसले रेडियो फ्रिक्वेन्सीको प्रभावकारी, समानतापूर्ण र मितयव्यी (इफिन्सियट, इक्युटेबल र इफेक्टिव) उपयोगमा ध्यान दिन्छ । स्मरणीय छ रेडियो फ्रिक्वेन्सी बाँडफाँट मूलत क्षेत्रीय आधारमा हुन्छ ।

आईटीयु-टीले टेलिकम्युनिकेसन टेक्निकल स्टान्डर्डलाई जनाउँछ । यस निकायले दूरसंचार उपकरण तथा सेवाको गुणस्तर निर्धारणको कार्य गर्छ । दूरसंचार उपकरण तथा सेवाको मापदण्ड निर्धारण मूलत: ट्राफिक तथा प्राविधिक अध्ययनको आधारमा हुने गर्छ । यस निकायले उक्त मापदण्ड लागु गर्नसमेत सदस्य मुलुकहरुलाई सिफारिस गर्छ । आईटीयु-डी भनेको टेलिकम्यनिकेसन डेभलपमेन्ट हो । यस निकायले विश्वभर दूरसंचार प्रविधि तथा सेवाको विकास र विस्तारको कार्य गर्छ । यस कार्यका लागि सदस्य मुलुकहरुलाई सहयोग गर्ने, समन्वय गर्ने प्राविधिक सहायता उपलब्ध गराउने गर्छ । यो निकाय नयाँ प्रविधि विकासका लागि प्राविधिक एवं वित्तीय स्रोतसाधन परिचालनका लागिसमेत जिम्मेवार हुन्छ ।

स्विटजरल्यान्डको जेनेभामा अन्तर्राष्ट्रिय दूरसञ्चार युनियनको मुख्यालय रहेको छ भने महासचिव अन्तर्राष्ट्रिय दूरसञ्चार संघको सर्वोच्च प्रशासकीय अधिकारी मानिन्छन् । हाल डोरिन बग्दन मार्टिनले महासचिवको जिम्मेवारी सम्हालिर हेकी छिन् । सन् २०२३ जनवरी १ देखि उनले उक्त जिम्मेवारी प्राप्त गरेकी हुन् । उनी दुई दशकदेखि दूरसञ्चार क्षेत्रको नीति निर्माण, डिजिटल ट्रान्सफर्मेसन, रोजगार सृजना, सीप विकास र लैंगिक समता र आर्थिक सामाजिक समावेशिताको क्षेत्रमा नेतृत्वदायी भूमिकामा रहेकी छिन् ।

दूरसञ्चार क्षेत्रको विकास र विस्तारका लागि रेडियो र टेलिभिजनको फ्रिक्वेन्सी प्रदान गर्नु, दूरसञ्चार क्षेत्रमा खोज अनुसन्धान गर्नु, रेडियो स्पेक्ट्रमको साझा एवं विश्वव्यापी प्रयोगलाई बढावा दिनु, भूउपग्रहसम्बन्धी प्रविधि विकास गर्नु भूउपग्रहको कक्ष तोक्नु, दूरसञ्चार क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई बढावा दिनु यसका उद्देश्य हुन् । यसैगरी दूरसञ्चार क्षेत्रको प्राविधिक मापदण्ड तय गर्नु, दूरसञ्चार सेवा प्रदायकबीच समन्वय गर्न मद्दत गर्नु र विकासशील मुलुकहरुमा दूर सञ्चार पूर्वाधार सुधार एवं विकास गर्न पहल गर्नु अन्तर्राष्ट्रिय दूरसञ्चार संघको मूलभूत उद्देश्यहरु हुन् ।

यस्तै अन्तर्राष्ट्रिय दूरसञ्चार युनियनले मूलत: ब्रोडब्यान्ड इन्टरनेट, ताररहित प्रविधि (ब्रोड ब्यान्ड टेक्नोलोजी), एरोनटिकल, सामूहिक नेभिगेसन, रेडियो खगोल विज्ञान, उपग्रहमा आधारित मौसम विज्ञान, टेलिभिजन प्रसारण, नेक्स्ट जेनेरेसन नेटवर्क ) क्षेत्रमा मूलभूतरुपमा कार्य गरिरहेको छ । यसबाहेक विद्युतीय अपराध (साइबर क्राइम), आकस्मिक दूरसञ्चार सेवा (इर्मजेन्सी टेलिकम्युनिकेसन), कृत्रिम बुद्धि (आर्टिफिसियल इन्टेलिजेन्सी) ठूला, मझौला तथा साना उद्यमशीलता (एसएमईएस इन्टरप्रिनियरसिप) लैंगिक समता (जेन्डर इक्युटी), युवा शिक्षा -युथ एकाडेमिया) आदि क्षेत्रहरुमा समेत यो संघ सक्रिय छ । दूरसञ्चार क्षेत्रमा अन्तर्राष्ट्रिय सहकार्य तथा सहयोग प्रबर्द्धन गर्नु, रेडियो स्पेक्ट्रमको व्यवस्थापन गर्नु, स्याटलाई अर्बिटको सहकार्यपूर्ण व्यवस्थापन गर्नु कार्यहरुको दृष्टिकोणवाट अन्तर्राष्ट्रिय दूरसञ्चार युनियनको कार्य क्षेत्रमा पर्छ ।

दूरसञ्चार पूर्वाधारहरुको विकास गर्नु, विश्वभर दूरसञ्चार प्राविधिक र सेवा परिचालनको मापदण्डहरू निर्धारण गर्नु र सदस्य मुलुकलाई आफ्नै दूरसञ्चार प्रणालीहरू विकास गर्न मद्दत गर्नु र दूरसञ्चार शिक्षालाई प्रबर्द्धन गर्नु अन्तर्राष्ट्रिय दूरसञ्चार संघको मुल कार्यहरु हुन् ।

अन्तर्राष्ट्रिय दूरसञ्चार युनियन सदस्य मुलुकहरुको दूरसंचार क्षेत्रको नियमन गर्ने विश्वको सबैभन्दा ठूलो नियमनकारी निकाय हो । अन्तर्राष्ट्रिय दूरसञ्चार संघले मूलत: भौतिक संरचनाको साझा प्रयोग, अन्तर्देशीय कनेक्टीभिटी, इन्टर कनेक्सन, महसुल साझेदारी, इमर्जन्सी टेलिकम्यूनिकेसन सर्भिस, टेलिकम्यूनिकेसन उपकरण मापदण्ड परिभाषित गर्ने, साइबर सेक्युरिटी, टेलिभिजन प्रसारण, स्याटलाइटमा आधारित मौसम विज्ञान, ब्रोडब्यान्ड इन्टरनेट, वायरलेस टेक्नोलोजी, अन्तरीक्ष तथा समुद्री नेभिगेसन, रेडियो स्पेक्ट्रम, स्याटलाइट अर्बिट आदि क्षेत्रमा निमनकारी भूमिका निर्वाह गर्छ ।

हाल अन्तर्राष्ट्रिय दूरसंचार युनियनका सदस्य संख्या १९३ पुगेका छन् । संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरुको लागि सदस्यता खुला छ । नेपाल सन् १९५७ (विसं २०१४) मा अन्तर्राष्ट्रिय दूरसंचार युनियनको सदस्य बनेको हो । हाल, पलाउ गणतन्त्रबाहेक संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्र यसका सदस्य रहेका छन् । यस संगठनमा सामेल हुने सबैभन्दा कान्छो मुलुक दक्षिण सुडान सन् २०११ जुलाई ११ मा सदस्य बनेको थियो । सदस्य मुलुकबाहेक दूरसञ्चार क्यारियरहरू, उपकरण निर्माता कम्पनीहरू, मिडिया कम्पनीहरू, कोष निकायहरू, अनुसन्धानमूलक शैक्षिक संस्थाहरू सहित नौ सयभन्दा धेरै संघसंस्था र व्यावसायिक निकायहरु यस संघमा आबद्ध छन् । मतदान गर्नेबाहेक अन्य विषयमा यी निकायहरुको निर्णायक भूमिका हुन्छ ।

अन्तर्राष्ट्रिय दूरसञ्चार यूनियनले सदस्य मुलुकहरुलाई पाँच प्रशासनिक क्षेत्रमा विभाजन गरी संगठनको प्रशासनलाई सुव्यवस्थित गरेको छ । क्षेत्र "ए" अमेरिका अर्न्तगत ३५ सदस्य राष्ट्रहरू, क्षेत्र "बी" अन्तर्गत पश्चिमी युरोपका ३३ सदस्य राष्ट्रहरू, क्षेत्र "सी"मा पूर्वी यूरोप र उत्तरी एसियाका २१ सदस्य राष्ट्रहरु क्षेत्र "डी" अन्तर्गत अफ्रिकाका ५४ सदस्य राष्ट्रहरू र क्षेत्र "इ" मा एसिया र अस्ट्रेलियाका ५० राष्ट्रहरू रहेका छन् । प्रशासनिक सहजताका लागि अन्तर्राष्ट्रिय दूरसंचार युनियनले अफ्रिका, अमेरिका, अरब क्षेत्र, एसिया तथा प्रशान्त क्षेत्र, कमनवेल्थ अफ इन्डिपेन्डेन्स स्टेट र युरोप गरी ६ स्थानमा क्षेत्रीय कार्यालयहरु खडा गरेको छ । अन्तर्राष्ट्रिय दूर संचार युनियनले इन्टरनेट, मोबाइल नेटवर्क विस्तार, ग्रामीण तथा सहरी नेटवर्क विस्तार, अन्तर्राष्ट्रिय ब्यान्डविथ, मोबाइल तथा फिक्स्ड टेलिफोन आदि विषयहरुमा अद्यावधिक तथ्यांकहरु प्रकाशन गर्दै आएको छ ।

स्मरणीय छ, दूरसंचार नियमावली २०५४ मा आईटीयुले निर्धारण गरिदिएअनुरुप गुणस्तर मा दूरसंचार सेवा संचालन गर्नुपर्ने प्रावधान छ ।

*(साभार: बाह्रखरी)*

# हरेक दशकमा उठ्ने-सेलाउने दल सुधारको एजेन्डा



काठमाडौं/अन्तिम शाह राजा ज्ञानेन्द्रले सैन्यबलमा सत्ता हत्याउँदा सर्वत्र उठेको एजेन्डा थियो- दलहरु सच्चिनुपर्छ । नागरिक आन्दोलनका सभाहरुमा गएर कांग्रेस-एमाले नेताहरु सच्चिने प्रतिवद्धता व्यक्त गर्थे । 'पुराना गल्ती दोहोऱ्याउँदैनौं,' उनीहरु भन्थे ।

रविन सायमीले कार्टुन नै बनाएका थिए, 'पुराना गल्ती दोहोऱ्याउँदैनौं । नयाँ गल्ती गर्छौं ।' कार्टुन गलत प्रमाणित हुन सकेको भए बरु सायमीकै कार्टुन बनाउन हुन्थ्यो । तर दलहरुले पुराना गल्ती दोहोऱ्याए । नयाँ गल्ती पनि गरे ।

त्यसको प्रभाव देखियो तीन वर्षपछि । युद्धबाट शान्तिमा आएको माओवादीले ०६४ को संविधानसभा चुनावमा पहिलो शक्ति बन्दा कांग्रेस र एमाले नेतृत्व खुबै आलोचित भए । तत्तत् कार्यकर्ता पंक्तिभित्र दल सुधारको एजेन्डा व्यापक बनेको थियो ।

कतिसम्म भने तेस्रो शक्तिमा खुम्चेको एमालेका तत्कालीन महासचिव माधव नेपालको राजीनामापछि कार्यबाहक महासचिव बनेका झलनाथ खनालले आठौं महाधिवेशन ताका नारा नै दिएका थिए- पार्टीभित्र व्यापक पुनर्गठन र पुनर्निर्माण ।

पहिलो संविधानसभा कालभरि कांग्रेस, एमाले सच्चिएनन्, बरु माओवादी नै उनीहरुजस्तै, अझ बढ्ता बिग्रियो । त्यही क्रममा चिरा-चिरामा फुट्न पुग्यो माओवादी ।

०७० को चुनावमा उसले पनि हविगत भोग्यो । माओवादी हारेसँगै बाबुराम भट्टराईले पार्टीभित्र सुधारका लागि प्रस्ताव लगेका थिए । केन्द्रीय समितिमा उनीमाथि नै उल्टो प्रहार गरिएको सम्झन्छन् उनीनिकट नेताहरु ।

हरेक पल्ट चुनावमा कसै न कसैले प्रतिकुलता ब्यहोर्छ । त्यसपछि अनिवार्य उठ्ने दल सुधारको एजेन्डा बीचैमा कहाँनेर बरालिन पुग्छ त ? के दलहरु साँच्चिकै सच्चिन्छन् ? या सच्चिनेबारे गफ मात्रै गर्छन् ?

यो बहस उठ्नुपर्थ्यो गत मंसिरको चुनावी नतिजा ताका । तर अनौठो तवरले दल सुधारको बहस चलिरहेको छ- उपचुनाव नतिजा सार्वजनिक भएपछि ।

१० वैशाखको उपचुनाव केवल तीन सिटका लागि भएको थियो, तर त्यसले छाडेका परकम्पहरु सामान्य छैनन् । चितवनमा रास्वपा पुनर्निर्वाचित भएको छ । तनहुँमा कांग्रेसको वर्चस्व क्षेत्र तोडिएको छ । बारामा सत्ता गठबन्धनको भरथेगमा जसपाले पुन: सिट पाए पनि जित सहज भएन । यो परिदृश्यले ठूला भनिएका दलहरु 'ठूला' रहिराख्लान् कि नयाँ परिस्थिति सिर्जना होला भन्ने प्रश्नहरु उठिरहेका छन् । योसँगै प्रश्न सर्वत्र छ- सच्चिने कि सकिने ?

कांग्रेस महामन्त्री विश्व प्रकाश शर्मा र महामन्त्री गगन थापासँग आगामी रणनीतिका लागि छलफल क्रममा छन् । त्यसपछि उनीहरुको प्रस्ताव जानेछ सभापति शेरबहादुर देउवाकहाँ । शर्माले भने, 'सच्चिनु नै पर्छ । हामी कांग्रेसको गति किन पहिले जति हुन सकेन भन्ने समीक्षा गर्छौं, र व्यापक सुधारका लागि काम गर्न अभियान चलाउँछौं ।' महामन्त्रीहरुको प्राथमिकतामा छ : पार्टी केन्द्रीय कार्यसमिति बोलाउन सभापतिसँग माग गर्ने, केही भ्रातृ संस्थाहरुको अधिवेशन तुरुन्त डाक्ने, नीति महाधिवेशन गर्ने । शर्माले भनेअनुसार भ्रातृसंस्थाहरुमा सभापति छानिए पनि कार्यसमिति बन्न सकेका छैनन् । भाँडभैलो अझै छ ।

कार्यकर्ताहरु सानेपा कार्यालयमा रिले अनशन बसिरहन्छन् । धर्नाहरु कसिरहन्छन् । तर नेतृत्व वास्तै गर्दैन । एमाले पनि भर्खरै मिसन ग्रासरुट सकेर पुनर्ताजगी भरेर फर्केको अनुभूतिमा छ । तर मतपेटिकामा त्यसको कुनै प्रतिविम्ब छैन । बरु उल्टै एमाले अध्यक्ष केपी ओलीले हिजो झापामा कडा टिप्पणी गरे, 'हिप्पोपोटामसजस्तो भयो हाम्रो पार्टी । न दूध दुहेर खान मिल्छ, न मासु खान ।'

ब्लगर सञ्जीव पोखरेल भन्छन्, 'शीर्ष नेताहरुले सच्चिने हो भने छाड्नुपर्ने हुन्छ । त्यसो गरेर आफ्नै खुट्टामा किन बन्चरो हान्थे र उनीहरु ?' एमालेमा ठीक यस्तै अवस्था छ । चितवन, तनहुँ र बारा तीनै जिल्लाका क्षेत्रहरुमा एमालेले गत मंसिरभन्दा बढ्ता मत गुमायो । उसले आकलन गरेअनुसार रास्वपाले केवल कांग्रेसको मात्रै मत काटेन । आफ्नै पाँच महिनाअघिको मतसमेत संरक्षण गर्न नसक्ने अवस्थामा एमाले पुग्दा पार्टीभित्र खैलाबैला मच्चिइरहेको छ ।

एमाले नेताहरु भन्छन्- एउटै चुनाव या उपचुनावले समग्र स्थितिको फैसला गर्दैन । तर हामी समीक्षा गर्छौं । एमाले सचिव योगेश भट्टराईले भने, 'पार्टीका नीतिहरुमा सच्याउनुपर्ने या पुनर्विचार गर्नुपर्ने आवश्यकता हेइन । हाम्रा कार्यशैलीहरुमा कमजोरी भएका हुन सक्छन् । रणनीतिक योजनामा पनि कमी भएको हुन सक्छ । समीक्षा गर्छौं ।'

एमालेको कार्यशैलीमा कहाँनेर कमजोरी भएको हो भन्ने प्रश्नमा भट्टराई स्पष्ट जवाफ दिँदैनन् । त्यसका लागि पार्टीको बैठकमा छलफल हुने मोटो जवाफ दिन्छन् उनी । एमाले छाडेर एकीकृत समाजवादीको महासचिव बनेका घनश्याम भूसाल भने अहिले दलहरुले भोगिरहेको संकटको जड तत्कालीन प्रधानमन्त्री केपी ओलीको प्रतिनिधिसभा विघटनमा लगेर व्याख्या गर्छन् । ओलीले सत्ता राम्रोसँग सञ्चालन गरेको भए कम्तीमा १५ वर्ष कुनै शक्ति विकल्पका रुपमा उदाउन असम्भव थियो भनेर उनी ठोकुवा नै गर्छन् ।

'अभूतपूर्व अवसर थियो, संसद विघटनपछि त्यो गुम्यो', उनी भन्छन्, 'ओलीले कम्तीमा आत्मालोचना गरेको भए अहिलेको वेभ आउन सम्भव थिएन ।' उपचुनावमा दलहरुले भोगिरहेको असफलता ओली प्रयोगकै असफलता भएको भन्दै भूसाल थप्छन्, 'मलाई अहिले शीर्ष नेतृत्व सच्चिन्छ जस्तो लाग्दैन ।'

नेतृत्वको कार्यशैली सच्चिनुको अर्थ पार्टीभित्रको आन्तरिक जीवनलाई अधिक केन्द्रीकरण नगरी बढ्ता लोकतान्त्रिक गराउँदै जानु भन्ने हो । अहिले सत्तारुढ तथा प्रतिपक्षी दलहरुमा यो पक्षको सर्वथा अभाव हुँदै गएको बताउँछन्, माओवादी केन्द्रका केन्द्रीय सदस्य लेखनाथ न्यौपाने ।

'अध्यक्ष प्रचण्डले शारदाप्रसाद अधिकारीको घरमा बस्दै आएको डेरा छाड्ने भनेर १० पल्टजति प्रतिवद्धता जनाउनुभयो, अहिलेसम्म छाड्न सक्नुभएको छैन', उनी भन्छन्, 'यस्तो अवस्थामा नेतृत्व सच्चिएला भनेर कसरी भन्ने ?'

न्यौपाने यो भन्दा बढ्ता खतरा उदाइरहेका दलहरुमा देख्छन् । उनीहरुमा पार्टी खुलिसक्दा नसक्दै देखिएका प्रवृत्तिले नेपालमा अहिले चलिरहेको दल सुधारको बहसलाई झन् खतरनाक ठाउँमा पुऱ्याउन सक्ने उनको सन्देह छ ।

'आर्थिक, नैतिक, चारित्रिक पक्षमा झन् बढी प्रश्नहरु छन्', उनी भन्छन्, 'खराबको विकल्पमा झन् खराब आए भने के गर्ने होला !'

ब्लगर सञ्जीव पोखरेल नेपाली समाजमा दलहरुको संरचना निर्माणकै पृष्ठभूमिमा समस्या औंल्याउँदै अहिले त्यसैका असर देखिएको दाबी गर्छन् । पार्टी सदस्यतादेखि टिकट वितरणसम्म त्यसका प्रभावहरु देखिएकाले पार्टी सुधार गर्न सजिलो नरहेको उनको भनाइ छ । 'असल मनसायले कोही दल सुधारका लागि लागिरहेको होला, तर प्रदेश जिल्ला तहसम्म नेतृत्वलाई संगठन सच्याउने इच्छा छैन', उनी भन्छन्, 'त्यसैले अहिले जो सच्चिन्छौं, सच्याउँछौं भनेर बोल्दैछन् ती केवल शब्द हुन् । नेतृत्वलाई सच्चिन खाँचो परेकै छैन ।'

*(स्रोत: अनलाइनखबर)*

# खरङ्गाको सडक फराकिलो पारियो

साझाकुरा संवाददाता

हेटौंडा,१४ बैशाख/ मनहरी गाउँपालिकाको पहलमा दुर्घटनाको अधिक जोखिम भएको सडक फराकिलो पार्ने काम सुरु भएको छ । बिहीबार गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले सडक विभागमा सहजिकरण गरी सडक फराकिलो पार्ने काम सुरु गराएका छन् । महेन्द्र राजमार्ग अन्तर्गत मनहरी-९ खरङ्गामा पर्ने मोडमा हरेक साता दुर्घटना हुँदै आएको थियो ।

यो क्षेत्रमा महिनामा १० वटासम्म दुर्घटना भएको अभिलेख छ । दुर्घटनाका कारण मनहरीबासीलगायत सर्वसाधारण यात्रुले पनि अकालमै ज्यान गुमाउनु परेको थियो । हाल गाउँपालिकाको यो पहलले जोखिम न्यूनीकरण हुने स्थानीय ईमानसिंह लामाले जानकारी दिए ।

स्थानीय रविन्द्र श्रेष्ठले गाउँपालिकाको यो कदम प्रशंसनीय भएको बताए । 'हामी प्राय: मोटर साइकलमा हिँड्ने मान्छेलाई सधैंभरि डर भइरहन्छ,' श्रेष्ठले भने अब यति भएपछि दुर्घटना केही हदसम्म कम हुने सम्भावना भयो ।

विभिन्न समयमा दुर्घटना हुँदा स्थानीयले चक्काजाम समेत गर्ने गरेका थिए । मनहरी-९ का वडाअध्यक्ष राजकुमार श्रेष्ठले भने- 'हामीले सडक विभागलाई सम्पर्क गर्दा पनि यसको समाधान हुन सकेको थिएन ।' गाउँपालिका अध्यक्ष कालाखेतीको पहलमा सडकको छेउमा रहेको माटोको ढिस्को काटेर फालेपछि सडक पनि फराकिलो भयो र उताबाट आएका सवारी पनि टाढैबाट देखिने भयो ।

गाउँपालिका अध्यक्ष कालाखेतीले सडक विभागको यो समन्वयले सम्पुर्ण पालिकाबासी खुशी भएको बताए । लोथरदेखि रजैयासम्म पर्ने स्थानमा अन्य ठाउँमा पनि यस्ता मोडको विषयमा आवश्यक कुरा भइरहेको र त्यसको पनि समाधान गर्ने कालाखेतीको भनाई छ । राष्ट्रिय राजमार्ग सीधा बनाउने र टाढाबाट आएका सवारी प्रस्टसँग देख्न सकिने गरी मोडका ढिस्काहरु काटेर सम्याउने कार्यका लागि सडक विभागसँग समन्वय गरिने पनि अध्यक्ष कालाखेतीले जानकारी गराएका छन् ।

# निर्जीवनको बीमा शुल्क ४.५८ प्रतिशतले वृद्धि

काठमाडौं/निर्जीवन बीमा कम्पनीहरुले चालु आर्थिक वर्ष (आव) २०७९/८० को ९ महिनामा ३० अर्ब १ करोड ४८ लाख रुपैयाँ बीमा शुल्क आर्जन गरेका छन् । गत आर्थिक वर्ष २०७८/७९ को सोही अवधिमा २८ अर्ब ८७ करोड ११ लाख रुपैयाँ बीमा शुल्क आर्जन गरेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा करिब ४.५८ प्रतिशतले वृद्धि भएको हो ।

नेपाल बीमा प्राधिकरणका अनुसार २१ लाख ६६ हजार ३२८ बीमालेखा जारी गर्दा ३० अर्ब १ करोड ४८ लाख रुपैयाँ बीमा शुल्क संकलन भएको हो । गत आर्थिक वर्षको सोही अवधिमा २१ लाख ७४ हजार ४१४ बीमालेख जारी गर्दा २८ अर्ब ८७ करोड ११ लाख प्रिमियम संकलन भएको बीमा प्राधिकरणको तथ्यांक छ । सञ्चालनमा रहेका १६ निर्जीवन बीमा कम्पनीले चालु आवको चैत महिनामा ४ अर्ब १४ करोड १५ लाख रुपैयाँ बीमा शुल्क संकलन गरेका छन् । २ लाख ८९ हजार ८८३ बीमालेख जारी गरेर उक्त बीमा शुल्क संकलन गरेको नेपाल बीमा प्राधिकरणले जनाएको छ ।

**सबैभन्दा ठूलो हिस्सा मोटर बीमाको**

बीमा प्राधिकरणको चालु आवको ९ महिनाको तथ्यांकमा कुल बीमा शुल्कमा मोटर बीमाको हिस्सा सबैभन्दा बढी रहेको देखिन्छ । चालु आबमा संकलन भएको कुल बीमा शुल्कमा मोटर बीमाको हिस्सा मात्रै ३२.९४ प्रतिशत छ । चैत मसान्तम्म बीमा कम्पनीहरुले मोटर बीमाबाट मात्रै ९ अर्ब ८८ करोड ७६ लाख रुपैयाँ बीमा शुल्क संकलन गरेका हुन् । १३ लाख ८३ हजार ७१ वटा बीमालेख जारी गर्दा उक्त बीमा शुल्क संकलन गरेका हुन् ।

यस्तै ३ लाख ७० हजार ४७० सम्पत्ती बीमालेख जारी गर्दा ६ अर्ब ६८ करोड १७ लाख रुपैयाँ बीमा शुल्क संकलन गरेका छन् । उक्त बीमा शुल्क कुल बीमा शुल्कको २२.२६ प्रतिशत हो । २२ हजार ५७९ वटा इन्जिनियरिङ तथा ठेक्का जोखिम बीमाले जारी गर्दा ५ अर्ब २६ करोड २७ लाख रुपैयाँ बीमा शुल्क संकलन भएको छ । जुन कुल बीमा शुल्कको १७.५३ प्रतिशत हो । यस्तै विविध शीर्षकमा १ लाख २२ हजार ७१७ बीमालेख जारी गर्दा ३ अर्ब २६ करोड १ लाख रुपैयाँ बीमा शुल्क संकलन भएको नेपाल बीमा प्राधिकरणले जनाएको छ ।

कृषि तथा बाली बीमातर्फ १ लाख ३५ हजार ४३ वटा बीमालेख जारी हुँदा १ अर्ब ८१ करोड ५१ लाख रुपैयाँ र सामुद्रिक बीमामा १ लाख २ हजार ८२ वटा बीमालेख जारी हुँदा १ अर्ब ५४ करोड ४३ लाख रुपैयाँ बीमा शुल्क संकलन भएको बीमा प्राधिकरणको तथ्यांक छ । हवाई बीमामा ९८ वटा बीमालेख जारी हुँदा १ अर्ब ५० करोड ६५ लाख बीमा शुल्क र लघुबीमाको ३० हजार २६४ बीमालेख जारी हुँदा ५ करोड ६८ लाख रुपैयाँ बीमा शुल्क संकलन भएको हो ।

प्रदेशगत रुपमा बाग्मती प्रदेशमा सबैभन्दा धेरै बीमाशुल्क संकलन भएको छ । ३० अर्ब बीमा शुल्क संकलन हुँदा बागमती प्रदेशबाट मात्रै १९ अर्ब ८८ करोड ३६ लाख रुपैयाँ बीमा शुल्क संकलन भएको हो । यस्तै लुम्बिनी प्रदेशमा २ अर्ब ७३ करोड ४९ लाख रुपैयाँ बीमा शुल्क संकलन हुँदा कोशी प्रदेशमा २ अर्ब ६२ करोड ३३ लाख रुपैयाँ बीमा शुल्क संकलन भएको छ । मधेश प्रदेशमा १ अर्ब ८६ करोड ६६ लाख, गण्डकी प्रदेशमा १ अर्ब ६८ करोड ३१ लाख, सुदुरपश्चिम प्रदेशमा ७७ करोड ९० लाख रुपैयाँ र सबैभन्दा कम कर्णाली प्रदेशमा ४४ करोड ५० लाख रुपैयाँ बीमा शुल्क संकलन भएको बीमा प्राधिकरणले जनाएको छ ।

**बीमा शुल्कमा शिखर र बीमालेखमा सिद्धार्थ प्रिमियर अगाडि**

चालु आर्थिक वर्षमा युनाइटेड इन्स्योरेन्स र नेपाल इन्स्योरेन्सको बीमा शुल्क भने गत आर्थिक वर्षको तेस्रो त्रैमासमा तुलनामा घटेको छ । युनाइटेड इन्स्योरेन्सको बीमा शुल्क २१.४५ प्रतिशतले घटेको बीमा प्राधिकरणको तथ्यांकले देखाउँछ ।

२०७८ चैतमा १ अर्ब २१ करोड बीमा शुल्क संकलन गरेको कम्पनीले चालु आवको सोही अवधिमा ९५ करोड रुपैयाँ मात्रै बीमा शुल्क संकलन गरेको छ ।

नेपाल इन्स्योरेन्सले बीमा शुल्क ३.२० प्रतिशतले घटेको छ । गत आवको तेस्रो त्रैमासमा १ अर्ब १९ करोड बीमा शुल्क संकलन गरेको कम्पनीले चालु आवको सोही अवधिमा १ अर्ब १५ करोड रुपैयाँ मात्रै बीमा शुल्क संकलन गरेको छ ।

चालु आवको तेस्रो त्रैमाससम्म सबैभन्दा धेरै बीमा शुल्क शिखर इन्स्योरेन्सले संकलन गरेको छ । कम्पनीले ४ अर्ब १५ करोड बीमा शुल्क संकलन गर्दा सगरमाथा र लम्बिनी जनरल इन्स्योरेन्स मर्जर भएर बनेको सगरमाथा लुम्बिनी इन्स्योरेन्सले ३ अर्ब ४८ करोड बीमा शुल्क संकलन गरेको छ । सगमाथा इन्स्योरेन्सले मात्रै गत आवमा करिब २ अर्ब ४३ करोड बीमा शुल्क संकलन गरेको थियो । सिद्धार्थ र प्रिमियर इन्स्योरेन्स मर्जर भएर बनेको सिद्धार्थ प्रिमियर इन्स्योरेन्सले चैत मसान्तसम्म ३ अर्ब ३५ करोड रुपैयाँ बीमा शुल्क संलन गरेको नेपाल बीमा प्राधिकरणले जनाएको छ । गत आर्थिक वर्षको सोही अवधिमा सिद्धार्थ इन्स्योरेन्सले मात्रै १ अर्ब ९४ करोड रुपैयाँ बीमा शुल्क संकलन गरेको थियो ।

यस्तै हिमालयन जनरल इन्स्योरेन्स र एभरेष्ट इन्स्योरेन्स मर्जर भएर बनेको हिमालयन एभरेष्ट इन्स्योरेन्सले २ अर्ब २९ करोड रुपैयाँ बीमा शुल्क संकलन गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

### काठमाडौंको खर्च गर्ने क्षमता खस्कियो

# ९ महिनामा २४ प्रतिशत बजेट खर्च

काठमाडौं/चालु आर्थिक वर्ष २०७९/०८०मा काठमाडौं महानगरपालिकाको खर्चको दर गत वर्षभन्दा खस्किएको छ । महानर पालिकाले २५ अर्ब ४१ करोड ९६ लाख रुपैयाँको बजेट ल्याएको थियो । तर, खर्च हुन नसक्ने देखेपछि महानगरपालिकाले २२ अर्ब ५३ करोड ३३ लाख रुपैयाँ खर्च हुने संशोधित अनुमान गरेको छ ।

संशोधित अनुमानअनुसार साउन यता ९ महिनाको कुल खर्च जम्मा २४ दशमलव १४ प्रतिशत मात्रै भएको छ । महानगरपालिकाले सार्वजनिक गरेको प्रगति विवरण अनुसार चैतसम्ममा ५ अर्ब ४४ करोड ५ लाख रुपैयाँ मात्रै खर्च गर्न भएको छ । महानगरपालिकाले अझै १७ अर्ब ९ करोड २८ लाख रुपैयाँ खर्च गर्न बाँकी छ ।

गत आर्थिक वर्ष २०७८/०७९को पहिलो ९ महिनामा महानगरले ३० दशमलव ३४ प्रतिशत खर्च गरिसकेको थियो । तत्कालीन मेयर विद्यासुन्दर शाक्यको अन्तिम बजेट रुपमा आएको १८ अर्ब १५ करोड ७७ लाख रुपैयाँको बजेट ल्याएका थिए । पछि उनले संशोधन गराएर १६ अर्ब ५१ करोड ६८ लाख रुपैयाँमा झारेका थिए । गत वर्ष चैत मसान्तसम्म ५ अर्ब १ करोड १३ लाख रुपैयाँ खर्च भएको थियो ।

४३ करोड रुपैयाँको खर्च रकम भने केही बढेपनि चालु आवको बजेटको तुलनामा ९ महिनामा महागरको खर्चदर ६ प्रतिशतले कम छ ।

**शिक्षामा बाहेक अन्यमा छैन प्रगति**

काठमाडौं महानगरपालिकाले ५ वटा क्षेत्रगत रुपमा बजेट विनियोजन गरेको थियो । जसमा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चबाहेक अन्य खर्चहरु न्यून देखिएका छन् । प्रशासनिक खर्चमा काठमाडौं महानगरपालिकाले ३ अर्ब ५३ करोड ८१ लाख छुट्याएकोमा १ अर्ब ८८ करोड ५० लाख खर्च गरेको हो, जुन विनियोजनको ५३ दशमलव २८ प्रतिशत हो । आर्थिक विकासको क्षेत्रमा महानगरले राखेको २२ करोड ९२ लाख रुपैयाँमध्ये १ करोड ७१ लाख रुपैयाँ अर्थात ७.४७ प्रतिशत मात्रै खर्च गरेको छ ।

सामाजिक विकासतर्फ ३ अर्ब ६८ करोड ५८ लाख रुपैयाँ कुल बजेटमध्ये ३५.५१ प्रतिशत अर्थात् १ अर्ब ३० करोड रुपैयाँ, ८७ लाख रुपैयाँ मात्रै खर्च भएको छ । सबैभन्दा धेरै बजेट भएको पूर्वाधार विकास क्षेत्रतर्फ खर्च भने १५ प्रतिशत मात्रै भएको छ । पूर्वाधार विकास १३ अर्ब ६ करोड ८४ लाख रुपैयाँमध्ये १ अर्ब ९८ करोड ३० लाख रुपैयाँ मात्रै खर्च गरेको छ ।

यस्तै सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ पनि महानगरको खर्च न्यून रहेको छ । यो क्षेत्रमा महानगरले २ अर्ब १ करोड १६ लाख छुट्याएकोमा २४ करोड ६६ लाख ३४ रुपैयाँ हजार अर्थात् १२.२६ प्रतिशत मात्रै खर्च गरेको हो । काठमाडौंले सबैभन्दा धेरै खर्च चालु आवमा सामाजिक विकासको क्षेत्रगत बजेट अन्तर्गत शिक्षामा गरेको छ । शिक्षातर्फ १ अर्ब ७८ करोड ३२ लाख रुपैयाँ बजेट रहेकोमा १ अर्ब ८ करोड २१ लाख खर्च गरेको छ । जुन विनियोजित रकमको ६० दशमलव ५९ प्रतिशत हो ।

**३ शीर्षकमा शून्य खर्च**

आगामी आर्थिक वर्षको बजेटको लागि तयारी सुरु गर्ने समय भइसक्दा पनि काठमाडौं महानगर पालिकाले चालु आर्थिक वर्षको ३ वटा शीर्षकमा अझै खर्च गर्न सकेको छैन । जलस्रोत र सिँचाइको लागि छुट्याएको ८ लाखमध्ये एक लाख रुपैयाँ पनि खर्च गर्न सकेको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# नेपालमा बनेका सवारी दर्ता गर्न बाटो खुल्यो, 'यात्री'लाई राहत

काठमाडौं/सरकारले नेपालमै बनेका सवारी दर्ता गर्न कानुनी बाधा फुकाएको छ । यातायात व्यवस्थापन कार्यविधि निर्देशिका २०६० मा संशोधन गर्दै यातायात व्यवस्था विभागले नेपालमा जडान वा उत्पादन हुने सवारी दर्ता सम्बन्धी विशेष व्यवस्था गरेको हो ।

निर्देशिकामा '११.१.९' नम्बर बुँदा थप गर्दै लेखिएको छ,' यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि विदेशबाट पार्टपूर्जा पैठारी गरी नेपालमा जडान हुने वा नेपालमा नै उत्पादन हुने सवारीको नयाँ दर्ता, सरुवा दर्ता, हेरफेर दर्ता, लिलाम दर्ता, पुन: दर्ता र नामसारी लगायतका प्रयोजनका लागि त्यस्तो सवारीको भन्सार प्रज्ञापनपत्र आवश्यक पर्ने छैन ।'

यसअनुसार अब नेपालमा बनेका सवारीले दर्ताका लागि प्रज्ञापनपत्र (एलसी) खोलेको प्रमाण बुझाउनुनपर्ने भएको छ ।

नेपालमा जडान हुने वा उत्पादन हुने सवारीको नयाँ दर्ता, सरुवा दर्ता, हेरफेर दर्ता, लिलाम दर्ता, पुन: दर्ता र नामसारी लगायतका कार्यका लागि जडानकर्ता वा उत्पादक कम्पनीले भन्सार प्रज्ञापनपत्रको सट्टा मूल्य अभिवृद्धि कर विजक र प्रचलित कानून बमोजिम अन्त: शुल्क सम्बन्धी प्रावधान आकर्षित हुने सवारीको हकमा अन्त: शुल्क निकासी फारम समेत पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । सरकारले भ्याट बिल, अन्त:शुल्क निकासी फारमका आधारमा यस्ता सवारीको दर्ता गरेर नम्बर प्लेट लिन सकिने छ ।

यो सँगै नेपालमा बनेका विद्युतीय र पेट्रोल-डिजेलबाट चल्ने सबै खालका सवारी दर्ता गर्न बाटो खुलेको छ । कानुन बाधक भएकाले नेपालमै बनेको विद्युतीय मोटरसाइकलहरु दर्ता हुन नसकेपछि सरकारले द्रुतमार्गबाट विद्युतीय सवारी दर्ता प्रक्रिया खुला गर्न गरेको हो ।


नेपालमा बनेको विद्युतीय बाइक 'यात्री'ले नम्बर प्लेट नपाएपछि उत्पादन बन्द गर्ने चेतावनी दिँदै आएको थियो । यस्ता विद्युतीय बाइकका यात्रुले सुरक्षा जाँचमा उनलाई नम्बर प्लेट नभएको भन्दै ट्राफिक प्रहरीले लामै स्पष्टीकरण सोधेर हैरान पार्ने गरेका छन् ।

सवारी दर्ता हुन यातायात तथा सवारी ऐन-२०४९ र बागमती प्रदेश यातायात तथा सवारी ऐनले तोकेको प्रक्रियाले नेपालभित्र बनेका सवारी दर्ता गर्न नमिल्ने भएपछि कानुनी उल्झन परेको थियो ।

अब निर्देशिका संशोधन गरेर सरकारले नेपालमा बनेका सवारी दर्ता गर्ने प्रबन्ध गरेको हो ।

*(अनलाइनखबरबाट)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

“तपाईं हामी सबैको कुरा”
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
साझाकुरा
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



भीमफेदी गाउँपालिका-८ देउराली-ईपा सडक खण्डमा भइरहेको स्ल्याव ढलान कार्य । संघीय र प्रदेश सरकारसमेतको १० करोडको लगानीमा ३ प्याकेजमा ठेक्का लगाएर स्ल्याव ढलान निर्माण भइरहेको हो । सडक स्तरोन्नति र ३ किलोमिटर स्ल्याब ढलान चालू आर्थिक वर्षको आसारमसान्त सम्पन्न गरिसक्ने लक्ष्य लिइएको गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिए । *तस्बिर: साझाकुरा ।*

# राक्सिराङका सामुदायिक वनलाई सक्रिय बनाइने

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ राक्सिराङ गाउँपालिका भित्र रहेका विभिन्न सामुदायिक वन उपभोक्ता समूहलाई सक्रिय र चलायमान बनाउनका लागि छलफल गरिएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ राक्सिराङ गाउँपालिकाको अगुवाईमा विभिन्न सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सब डिभिजन वन कार्यालय राक्सिराङ र डिभिजन वन कार्यालय राप्तीका कर्मचारीबीच छलफल गरिएको हो । छलफलमा विभिन्न सामुदायिक वनका पदाधिकारीले वनमा रहेका समस्या, चुनौती र असहजताका बारेमा गुनासो राखेका थिए । सामुदायिक वनमा हुने डढेलो, वन क्षेत्रमा जथाभावी हुने सडक निर्माण तथा उपभोक्तामा जनचेतनाको कमीलगायत चुनौती रहेको उनीहरुको भनाई छ ।

राक्सिराङ सब डिभिजनका प्रमुख दिनेश सत्यालले निष्क्रिय रहेका र अव्यवस्थित समूहलाई सक्रिय बनाई वन संरक्षण र उपभोक्ताको हितमा काम गराउन पहल गरिएको बताए । राक्सिराङका ३५ वटा सामुदायिक वनमध्ये केही समूह मात्र क्रियाशील रहेको बताउँदै उनले उपभोक्ता समूह र वन क्षेत्रको समुदाय नै जागरुक हुनुपर्ने बताए । राप्ती डिभिजनका डिभिजनल वन अधिकृत बिष्णुप्रसाद आचार्यले राक्सिराङका वन क्षेत्र पर्यापर्यटन र जीविकोपार्जनका हिसाबले महत्वपूर्ण रहेको औल्याएका छन् । कार्यालयकातर्फबाट विभिन्न लक्षित कार्यक्रम लागु गरी वनको विकास र समुदायको जीवनस्तर सुधारमा काम भइरहेको उनको भनाई छ ।

सालक, चिउरी, छतिवन, दारजस्ता वनपैदावरको संरक्षण र प्रवर्द्धनमा विभिन्न कार्यक्रम गरिएको बताउँदै उनले वनको संरक्षण र विकासमा समुदायले अपनत्व लिनुपर्ने बताए । ठुला योजना सञ्चालनका लागि बजेट अभाव रहेकाले संघ, प्रदेश तथा स्थानीय सरकारसँग आवश्यक पहलसमेत भइरहेको उनले जनाएका छन् । सामुदायिक वन उपभोक्ता महासंघ राक्सिराङका अध्यक्ष सन्तोष थापा मगरले सामुदायिक वनलाई सक्रिय बनाउन महासंघले अगुवाई गर्ने बताए । राक्सिराङ गाउँपालिका, वन कार्यालय र उपभोक्ता समूहबीच अर्न्तक्रिया गरी आपसी सहकार्य र समन्वयको वातावरण बनाइने उनले बताए ।

# प्रशासनको एउटा निर्णयले सर्वसाधारणलाई राहत

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ जिल्ला प्रशासन कार्यालय मकवानपुरले बिहीबारदेखि नि:शुल्क रुपमा राहदानी तथा राष्ट्रिय परिचयपत्रको फारम भर्ने व्यवस्था मिलाएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरकै एउटा कोठामा कर्मचारी राखेर नि:शुल्क रुपमा आम सेवाग्राहीको फारम भर्ने व्यवस्था मिलाइएको हो । यसअघि हेटौंडाको उपमहानगरपालिका रोडमा रहेका विभिन्न स्थानमा शुल्क तिरेर मात्र आम सर्वसाधरणले फारम भर्दै आएका थिए । आम सर्वसाधारणले मंहगो र कम तिरेर राहदानी तथा राष्ट्रिय परिचयपत्रको फारम भर्ने गरेका थिए । पसलैपिच्छेको महंगो फरक-फरक मूल्यका कारण हैरान भएको सर्वसाधारणलाई प्रशासनको नि:शुल्क फारम भर्ने व्यवस्थाको निर्णय राहत मिलेको हो ।



प्रशासन परिसरमै भेटिएका सेवाग्राहीले सरकार भएको महसुश गराएको बताए । बिहीवार पहिलो दिन ४० जनाभन्दा बढी सेवाग्राहीले नि:शुल्क सेवा लिएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिए । जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी एवम् सेवाग्राहीमैत्री बनाउन कार्यालयबाटै नि:शुल्क सेवा दिइएको उनले बताए । 'सेवाग्राही आफैंले भरी पेश गर्नुपर्ने राहदानी तथा राष्ट्रिय परिचयपत्रको फारम २० नम्वर कोठाबाट हामीले नि:शुल्क भरिदिने व्यवस्था गरेका हौं । यसले नागरिक र प्रशासनबीचको दूरी घटाउँछ र उहाँहरुलाई सहज हुनेछ,' शर्माले भने ।

यसअघि सेवाग्राहीले विभिन्न स्टेशनरी, फोटो पसल तथा साइबरबाट शुल्क तिरेर फारम भर्दै आएका थिए । यतिसम्मकी पासपोर्टको अनलाइन फारम भर्न सेवाग्राहीहरुले चर्को मूल्य तिर्ने गरेका थिए । प्रशासनले अनलाइन फारम भर्ने समय खुलाउँदा सेवाग्राहीको कोटासमेत बिचौलियाले पहिल्यै कब्जा गरेर महंगो मूल्यमा सेवाग्राहीलाई फारम भर्ने गरेका थिए । यसैगरी, प्रशासनले टोकन व्यवस्थापनलाई पनि थप व्यवस्थित बनाउँदै लगेको सहायक प्रजिअ शर्माले बताए । सेवाग्राहीको सहजताको लागि प्रशासनले हुलाक टिकटसमेत उपलब्ध गराउने उनको भनाई छ ।

# थिङलाई पाँचतारा राष्ट्रिय सहकारी व्यक्तित्वबाट सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ हेटौंडामा (साविक चुरियामाई गाविस) १६ वर्ष अघिदेखि सहकारी अभियान चलाएकी मञ्जु थिङ पाँचतारा राष्ट्रिय सहकारी व्यक्तित्वबाट सम्मानित भएकी छन् ।



साविक चुरियामाई गाविसमा १६ वर्ष अघि टोलटोल र समुदायमा सहकारी अभियान उनले चलाएकी थिइन् । थिङले चलाएको अभियानबाट यहाँका सबै महिला सहकारीसँग जोडिएर आर्थिक उपार्जनमा लागिरहेका छन् । प्लान इन्टरनेशनल नेपालको सहयोगमा महिला दिदीबहिनीको सामूहिक छलफल र बचत कार्यक्रम गर्दै उनले सहकारी अभियान सुरुवात गरिएको थियो । २०१५ सालमा चुरियामाई-२ नयाँबस्तीमा जन्मिएकी उनी सहकारी क्षेत्र र समाजसेवामा क्रियाशील रहेर असल कर्मले समुदायमा र सिंगो मकवानपुरमा परिचित छिन् । थिङको सहकारी अभियानको एक नमूना संस्थाको रुपमा महिला जनचेतना बचत तथा ऋण सहकारी संस्थालाई जिल्लामा मात्र नभई नेपालभर चिनाउन सफल गरिएको थियो ।

सहकारीको स्थापनाकालदेखि नेतृत्वदायी भूमिकामा रही २०५७ सालमा संस्थाको उपाध्यक्ष र २०५८ देखि २०७४ सम्मलगातार १६ वर्ष अध्यक्ष भई संस्था हाँकेकी थिइन् । उनी महिला सशक्तिकरणका लागि आवाज उठाउँदै जातीय विभेद अन्त्यका लागिसमेत सक्रिय थिइन् । आफू आर्थिक विपन्नता र औपचारिक शिक्षाबाट बन्चित हुदाँहुँदै पनि दु:खसुख गरेर यति लामो समय सहकारी अभियानमा जुट्न सकेको थिङले सुनाइन् । उनी नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघबाट महिलातर्फ उत्कृष्ट सहकारी अभियानकर्मीको रुपमा सम्मानित भइसकेकी छन् । महिला जनचेतना साकोसलाई जिल्लामा मात्र नभई देशभर चिनाउन थिङ सफल भएकी थिइन् ।

उनले यस सहकारी अवलोकन गर्न वार्षिक दर्जनौं सहकारी संस्थाहरु आउने गरेको बताइन् । सुरुवाती चरणमा दिदीबहिनी जम्मा गर्न, बचत कार्यक्रम गर्दा र सहकारीलाई दर्ता गर्ने समय सम्झदाँ कहालिलाग्दो इतिहास रहेको उनी बताउँछिन् । 'लेखपढ थिएन्, हिसाब आउदैनथ्यो, बिनाभत्ता, आफ्नै सकेको पैसाले अभियान सुरु गरेका थियौं र अहिले सफल भएको हो,' उनले सुनाइन् । पाँच-पाँच रुपैया महिनाको जम्मा गरेर सुरु गरिएको अभियानले हाल सहकारीले ३६ करोड भन्दा बढीको कारोबार गरेको छ । सहकारीमा ४ हजार बढी शेयर सदस्य तथा सहकारीमा २६ करोड २० लाख रुपैयाँ भन्दा बढी बचत रहेको उनले बताइन् ।

# ८७ जना विद्यार्थीलाई छात्रवृति

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ मकवानपुरको सामाजिक क्षेत्रमा सक्रिय राउन्ड टेबल नेपालले ८७ विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ ।

राउन्ड टेबलले मकवानपुर गढी-५, स्थित आधारभूत शिक्षा प्राथमिक विद्यालयमा ३ लाख १५ हजार ६ सय रुपैयाँको छात्रवृत्ति वितरण गरेको हो । राउन्ड टेबल नेपाल, हेटौंडा टेबल-३० का अध्यक्ष रवि अग्रवालको सभाध्यक्षतामा भएको छात्रवृत्ति वितरण कार्यक्रममा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानको प्रमुख आतिथ्यता रहेको थियो । उनीहरुले विद्यालयका प्रधानाध्यापक प्रल्हाद घिमिरेलाई छात्रवृत्ति बराबरको रकमको चेक हस्तान्तरण गरेका थिए । राउन्ड टेबल नेपाल, हेटौंडा टेबल-३० का सदस्य राहुल जालानका अनुसार संस्थाले विगत २ वर्षदेखि उक्त विद्यालयमा ५ हजार लिटरको पानी टंयाङ्की, विद्यालयको छानो फेरेर रंगरोगन तथा विद्यार्थीका लागि पोशाकदेखि स्टेशनरी सामग्री सहयोग गर्दै आइरहेको छ ।

नेपालभर १ हजार बढी विद्यार्थीलाई प्रदान गरिने योजना अन्तर्गत हेटौंडामा पनि राउन्ड टेबलले मकवानपुरगढीको आधारभूत शिक्षा प्राविसँगै हेटौंडा-११ को जेम्स इङलिस बोर्डिङ स्कूलको २ जना विद्यार्थीलाई १४ हजार र हेटौंडा-४ को आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका ३ जना विद्यार्थीलाई ८ हजार ४ सय बराबरको छात्रवृत्तिसमेत प्रदान गरेको जालानले जानकारी दिए । राउन्ड टेबल नेपाल १८ देखि ४० वर्ष उमेर समूहका गैर-राजनीतिक र गैर-साम्प्रदायिक युवाहरुको संगठन हो । संस्थाको उद्देश्य राष्ट्रिय र अन्तर्राष्ट्रिय मामिलामा सेवा, सद्भाव र सद्भावनालाई प्रवर्द्धन गर्ने कार्यहरु रहेको कार्यक्रम संयोजक दीपक अग्रवालले जानकारी दिए ।

# शिक्षामा पर्याप्त बजेट बिनियोजन गरौं: वडाध्यक्ष सिग्देल

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडाअध्यक्ष नवीन सिग्देलले शिक्षा, स्वास्थ्य र रोजगार साझा र अनिवार्य अधिकार भएको बताएका छन् ।

नारी संरक्षण केन्द्रद्वारा अतिविपन्न वर्ग तथा सीमान्तकृत समुदायका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण कार्यक्रममा बोल्दै उनले शिक्षामा बजेट विनियोजन पर्याप्त हुनुपर्ने र गुणस्तर कायम गर्न स्थानीय सरकारले ध्यान दिन पर्ने बताए । अध्यक्ष सिग्देलले देश र समाज विकासको आधार शिक्षा भएकोले शिक्षालाई प्राथमिकतामा राख्नु पर्ने बताउँदै भौतिक विकासको साथै सामाजिक र मानवीय विकासमा ध्यान दिनपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा भुटनदेवी, आधुनिक, अमर, बालबोध, जनप्रिय, प्रगति, ज्योति, सोलिड्यारिटी, मकवानपुर बालविद्यासदन माविका २५ जना विद्यार्थीलाई शैक्षिक सामग्रीहरु ब्याग, ३ दर्जन जिस्ता कपी, क्याल्कुलेटर, पेन्सिल २ दर्जन, पेन २ दर्जन, जोमेक्टी बकस १ थान, एक दर्जन ईलेजर, सफनर, स्केल वितरण गरिएको नारी संरक्षण केन्द्रका कार्यक्रम संयोजक जेरोम घलेले जानकारी दिए । कार्यक्रम बालगृह सञ्चालक समितिका सदस्य दिलिप थापाको अध्यक्षतामा भएको कार्यक्रममा हिमराइट्सकी कार्यक्रम संयोजक कुमारी वाईवा, कोशिश मकवानपुरकी शकुन्तला पौडेल लगायतको उपस्थिति रहेको थियो ।

# बहिरा अपाङ्ता भएकालाई अभिमूखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ मकवानपुर बहिरा संघको आयोजनामा बहिरा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी तीनदिने क्षमता विकास अभिमुखीकरण तालिम सुरु भएको छ ।

हेटौंडा उपमहानगर पालिकाको सहयोगमा भएको कार्यक्रमको हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देलको प्रमुख आथित्यता रहेको थियो । सिग्देलले बहिरा अपाङ्गता भएका व्यक्तिको अधिकारको लागि ४ नम्बर वडाकार्यालयले संधै सहयोग गर्ने विश्वास दिलाए । कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाकी महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछाने, राष्ट्रिय दोभासे संघका अध्यक्ष दिनेश श्रेष्ठ, राष्ट्रिय अपाङ महासंघ बागमती प्रदेश सहसचिव शारदा पौडेल, राष्ट्रिय बहिरा महासंघ, गण्डकी प्रदेश अध्यक्ष विकास घिमिरे, नेत्रहिन संघका उपाध्यक्ष दिलबहादुर सुनारलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रम मकवानपुर बहिरा संघका अध्यक्ष दुर्गा बानियाँको सभाध्यक्षतामा भएको थियो ।

# भूमिअधिकार मञ्च अध्यक्षमा स्याङ्तान

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/राष्ट्रिय भूमिअधिकार मञ्च मकवानपुरको अध्यक्षमा मीरा स्याङतान चयन भएकी छिन् । बिहीवार हेटौंडामा भएको सातौं जिल्ला अधिवेशनले स्याङ्तानको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

मञ्चको उपाध्यक्षमा जयबहादुर वाईव, देवकृष्ण थोकर, सचिवमा विष्णु आचार्य, सहसचिवमा सुलाल गोले, कोषाध्यक्षमा ठुलीमायया मुक्तान चयन भएका छन् । सदस्यहरुमा शुष्मा भ्लोन, रामबहादुर थिङ, सबालसिंह थिङ, सुदीप जिम्वा, रुक्मणी तिमल्सीना तथा सूर्यबहादुर सापकोटा चयन भएका छन् । बागमती प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री एका लाल श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा मञ्चका केन्द्रीय सदस्य फौदसिंह स्याङ्वो, नापी प्रमुख पूर्वहरि सुवेदी, मालपोत कार्यालयका ओमबहादुर अधिकारी, भूमि आयोग मकवानपुरका विज्ञ सल्लाहकार अर्जुन चौलागाई लगायतको आतिथ्यता रहेको थियो ।

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## बालबालिकालाई स्तनपान किन गराउने ?

- आमाको दुधले बालबालिकाको जीवन रक्षा गर्छ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ।
- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ।
- स्तनपानले आमालाई स्तन र पाठेघरको क्यान्सर हुनबाट बचाउँछ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ।

त्यसैले बालबालिकालाई पर्याप्तमात्रामा स्तनपान गराऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## कार्यलय सहायक आवश्यकता

*मिति : २०८० /०१/१४*

प्रस्तुत विषयमा शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिका मकवानपुरको च.नं. ८११६ मिति २०८०/०१/१३ को प्राप्त पदपूर्ति अनुमति पत्र तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०१/१४ को वैठक निर्णयअनुसार यस विद्यालयलाई विद्यालय कर्मचारी (कार्यालय सहायक) पद १ पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरुबाट १० दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपसिल:**
विज्ञापन नं : ०१/२०८०
पद : विद्यालय कर्मचारी (कार्यालय सहायक)
संख्या : १ (एक)
नियुक्ति किसिम :करार
उमेर: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
तलब : नेपाल सरकारले तोके बमोजिम
आवश्यक शैक्षिक योग्यता : वाणिज्य शास्त्रमा +२ वा सो सरह, कम्प्युटरमा दक्षता भएको

**आवश्यक कागजात :**
१) निवेदन (हस्तलिखित)
२) नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रति-१
३) शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँप्रति-१
४) बायोडाटा एक प्रति/अनुभव केहीभए सो समेतको छायाँप्रति-१
परीक्षा दस्तुर : रु. ५००। (पाँच सय मात्र)
परीक्षाको किसिम : लिखित, मौखिक परीक्षा, कम्प्युटर सीप परीक्षण
दरखास्त दिने अन्तिम मिति : २०८०/०१/२४ गते विद्यालय समयसम्म
सम्पर्क मिति : २०८०/०१/२४ गते विद्यालय समय
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने ।

**थप जानकारीको लागि सम्पर्क नम्बर :**
९८४५१०४९८३ (प्र.अ), ९८४५१२२५२५ (अध्यक्ष वि.व्य.स.)

**राजदेवी माध्यमिक विद्यालय**
हेटौंडा-१८ मकवानपुर

“सुनमा शुद्धता डिजाइनमा आधुनिकता”
## आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड

हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. : ९८४५५३९५६३, ९८१५२२४३४३

## कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।

*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना